**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 14.11.2025

## पत्रकार सम्मेलन ITM

पर्यटन मन्त्रालयले आज साँझ 13 औं अन्तर्राष्ट्रिय पर्यटन सम्बन्धी पत्रकार सम्मेलन आयोजना गरेको छ, जसमा अरूणाचल प्रदेश सरकारका पर्यटन मन्त्री पासाङ दोर्जी सोना, अरूणाचल प्रदेशका मुख्यमन्त्री पेमा खान्जु, सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ थेन्डुप भुटिया,असम सरकारका पर्यटन मन्त्री रञ्जित कुमार दास र सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बा लगायत अन्य सहभागी भएका छन्। श्री सुब्बाले राष्ट्रिय राजमार्ग 10 बाहेक वैकल्पिक राजमार्गको योजना बनाइएको र त्यसको लागि एक समिति निर्माण गरिएख बताएका छन्। सिक्किम सरकारको पर्यटन विभागका अतिरिक्त मुख्य सचिव सीएस रावले भने कि युद्धभूमि पर्यटनका दुई महत्वपूर्ण गन्तव्य डोक्ला र चोला डिसेम्बरको मध्यदेखि पर्यटकहरूका लागि खुल्ने अपेक्षा गरिएको बताए।

## ITM 2025 को पहिलो दिन NE पर्यटनमा प्रमुख छलफलहरूबाट सुरू

पूर्वोत्तर क्षेत्रको लागि 13 औं अन्तर्राष्ट्रिय पर्यटन मार्ट ( ITM ) आज गान्तोकमा समानान्तर कार्यक्रमहरूको श्रृंखलाको साथ शुरू भयो। आज साझ कार्यक्रमको औपचारिक उद्घाटन भएको छ।

दिनको कार्यक्रममा गान्तोकको पाङथाङको एक स्थानीय होटलमा पर्यटन मन्त्रालय र NE पूर्वोत्तर क्षेत्रका राज्य पर्यटन विभागहरू बीचको बैठक समावेश थियो, जो समन्वय सुधार गर्ने र यस क्षेत्रभरि पर्यटनसँग सम्बन्धित पहलहरूलाई सुदृढ पार्ने कुरामा केन्द्रित थियो।

बैठकको पहिलो सत्र “सिनेम्याटिक पूर्वोत्तर – फिल्म सुटिङ गन्तव्यहरू पवर्द्धन गर्ने नीति मार्ग” विषयवस्तु अन्तर्गत फिल्म पर्यटनमा केन्द्रित थियो। सत्र 2 मा Air BnB ले होमस्टेमा प्रस्तुति दियो, जसले होमस्टे पर्यटनले स्थानीय समुदायहरूलाई कसरी मद्दत गर्न सक्छ र नयाँ आयका अवसरहरू सिर्जना गर्न सक्छ भन्ने कुरामा प्रकाश पार्यो। त्यसपछि, सत्र 3 मा प्रतिबन्धित क्षेत्र अनुमति/संरक्षित क्षेत्र अनुमति मा गृह मन्त्रालयसँग छलफल प्रस्तुत गरियो। सत्र 4 खुला छलफलको साथ समाप्त भयो जहाँ पूर्वोत्तर राज्यका राज् सरकारहरूले आ- आफ्नो राज्यमा

पर्यटन सुधार र प्रवर्द्धनका लागि उत्तम अभ्यासहरू, सुझावहरू र विचारहरूमा अन्तर्दृष्टि साझा गरे।

## राज्यचपालले दिल्लीमा उपराष्ट्रपतिलाई भेटे

राज्यपाल ओमप्रकाश माथुरले हिजो साँझ नयाँ दिल्लीस्थित उपराष्ट्रपति एन्क्लेभमा भारतका उपराष्ट्रपति सी. पी राधाकृष्णनसँग शिष्टाचार भेट गर्नुभयो । उहाँहरूले राज्यको विकास र प्रगतिसँग सम्बन्धित विभिन्न मुद्दाहरूमा छलफल गर्नुभयो। यसबाहेक, राज्यपालले उपराष्ट्रपतिलाई सिक्किम भ्रमणको निमन्त्रणा पनि दिनुभयो।

## राज्यपालले मुख्यमन्त्रीको स्वास्थ्य अवलस्थाप्रति चिन्ता व्यक्त गरेः शीघ्र स्वास्थ्यलाभको कामना

सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले मुख्यमन्त्री प्रेम सिंह तामाङको स्वास्थ्य अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् र उहाँको छिट्टै पूर्ण स्वास्थ्यलाभको कामना गरेका छन्। राज्यपालले अस्पताल व्यवस्थापन र मुख्यमन्त्रीका निजी सचिवसँग उहाँको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिएका छन्। उहाँले भन्नुभयो, श्री तामाङको अवस्था अहिले राम्रो भएको थाहा पाउँदा म खुशी छु र मुख्यमन्त्रीलाई छिट्टै पूर्ण स्वास्थ्यलाभको कामना गर्दछु।

## सिक्किमका राज्यपालले बाल दिवस को अवसरमा शुभकामना व्यक्त  गर्नुभएको छ।

आज बाल दिवसको अवसरमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले बालबालिका र युवाहरूलाई हार्दिक बधाई दिनुभएकोछ। उहाँले भन्नुभयो हाम्रा बालबालिका र युवाहरू देशका भविष्यका नेता हुन्, र ती शक्ति हुन् जसको विचार र संकल्पले 2047 मा विकसित भारतको सपना साकार पार्नेछ।

## मुख्यमन्त्रीले आज बाल दिवसको शुभकामना दिनुभयो

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले स्वतन्त्र भारतका प्रथम प्रधान्मन्त्री पण्डित जवाहरलाल नेहरूको जन्मजयन्तीको सम्झना गर्दै आज बाल दिवसको अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, सिक्किम सरकार गुणस्तरीय शिक्षा, नवीनता र समग्र विकास मार्फत युवा दिमागलाई पोषण गर्ने आफ्नो प्रतिबद्धतामा अडिग छ ।

## शेप अफ मोमो ले KIFF मा गोल्डेन रोयल बंगाल टाइगर अवार्ड जित्यो।

सिक्किमकी फिल्म निर्माता त्रिवेणी राईको पहिलो नेपाली फिचर फिल्म शेप अफ मोमो ले हिजो कोलकाता अन्तर्राष्ट्रिय फिल्म महोत्सव (KIFF) 2025 मा गोल्डेन रोयल बंगाल टाइगर अवार्ड

जितेको छ। यो पुरस्कारले प्रतिष्ठित अन्तर्राष्ट्रिय महोत्सवमा भारतीय भाषा प्रतिस्पर्धा श्रेणीमा सर्वश्रेष्ठ फिल्मलाई सम्मान गर्दछ। यसमा 10 लाख रूपैयाँ नगत पुरस्कार र गोल्डेन रोयल बंगाल टाइगर ट्रफी रहेको छ।

**मंगन जिल्ला अन्तर्गत जनजातिय गौरव वर्ष पखवाडा समारोह**

भगवान बिरसा मुण्डाको 150 औं जन्मजयन्तीको उपलक्ष्यमा चलिरहेको जनजातिय गौरव वर्ष पखवाड़ा समारोहको एक भागको रूपमा, मंगन जिल्लामा बालबालिकाहरू परम्परागत पहिरनमा आ- आफ्नो आंगनबाडी केन्द्रहरूमा यो दिन मनाउन उपस्थित भए।

1 नोभेम्बर बाट शुरू भएको 15 दिने उत्सव अन्तर्गत आयोजित कार्यक्रम भोलिसम्म जारी रहनेछ।